दिदीबहिनी
DidiBahini

Volume 2 Issue 2

April-June 2006

# Women demand Equal Rights

The 96th International Women's Day was celebrated on 8 March 2006 all over the nation. It is widely believed that this day is a very important and for women to prove their solidarity and for their voice to be heard.

With the slogan of "*Women's equal rights, peace and democracy*" Shanti Malika, a network of women's organizations for peace, came forward joining hands -with its member organizations, and organized a peace rally on International Women's Day. Thousands of women and men from around fifty organizations took part in this peace rally. In this silent peace rally, various women groups and ethnic groups from different districts and villages participated to demand equal rights, peace and democracy.

The on-going conflict in the country has made women not just victims but also survivors with the scars from the current conflict. They have had to shoulder the burden of responsibility that has fallen on them due to the deaths of men in the villages, involvement of men in conflicts, migration from villages and displacement. They have had to care for their children, generate income for themselves and be prepared to protect their property. Thus, the circumstances of the conflict have made the women more vulnerable. Several attempts have been made to restore peace in the country. Human rights organizations, different non-government organizations, activists, media and social workers have been trying to raise awareness about peace and human rights. The present political instability has curtailed women's rights. Many ordinances have been promulgated after the dissolution of parliament but no such initiation has been made so far to bring about positive changes for women.

Moreover, adequate efforts for sustainable peace building are still lacking. Peace talks and voices for long-lasting peace should start right from the community and go up to the national level, thereby ensuring equal participation of women and men at all levels of society.

Women have had to struggle so much to make their voices heard. This is the only day in which the women's achievement are being celebrating, it is their day of building solidarity and exerting pressure for equal rights, peace and democracy.

**Sabita Joshi**
DB Co-ordinator





## Letter from the Chair

**Dear Readers,**

As we welcome the New Year 2063 of lunar calendar, let us be reminded of the hard work and the energy of the people who has dedicated their life to achieve peace. Let us remember the women's cry for peace in their own homes, community, and the entire country that they be treated with dignity. Let us also revere those who continuously advocate for gender equality, and those who recognize the importance of women's participation in the process toward achieving peace and democracy in our country.

May we all welcome the New Year 2063 with the thought that peace is achievable in Nepal, because it is something that we used to own. Wishing you all a very happy, healthy, prosperous and peaceful New Year 2063!!!

Sincerely,
**Saloni Singh**
Executive Chair

## Letter of Gratitude

DidiBahini and Youth Forum Members are very much thankful to everyone who have been supportive, generous and a great motivating factor for our Meera Shanti Scholarship Fund for the children of women conflict survivors in the country.

We would like to thank those who supported us in "Realm of Realism", an Art Exhibition from which we have been able to continue to raise more funds for our scholarship program. We would also like to thank, "Tewa" for giving us grant money to continue our program. Special thanks also goes to DidiBahini Friends and all the DB youth forum members; for their valuable contribution.

Meera Shanti Scholarship Fund will be a small help for the education of those children who have suffered from conflict. We will be providing a full scholarship till the child finishes his/her S.L.C. The criteria and procedures for the selection are in process. A board of directors is being constituted for the proper management and continuity of the program. The amount that we have raised will be used as seed money which will hopefully grow into a beautiful tree and produce fruits in the future.

Once again, thank you all very much for your support and kind-heart in making our vision become a reality. Piece by Piece we shall make Peace prevail, and you have contributed a piece of your peace.

**Pranjali**,
DB Youth Forum

# महिला मञ्च

## Mangal Maya Donates Land for Resource Center

### मङ्गलमायाको मङ्गलकर्म

(गताङ्कको बाँकी अंश)

वास्तवमै मङ्गलमाया महर्जनको सम्मान तथा कदर गरिनै पर्छ भनेर दिदीबहिनीले शुरु गरेको पहल सफल भएको छ। उहाँले समाजलाई दिनु भएको देनको कदर गर्दै दिल्लीमैया स्मृति प्रतिष्ठानले उहाँलाई पुरस्कार तथा सम्मान प्रदान गरेको छ। समुदाय, त्यसमा पनि विशेष गरी महिलाका लागि नि:स्वार्थ योगदान गर्ने एउटी महिलालाई हरेक वर्ष पुरस्कृत गर्ने प्रावधान अनुसार त्यस प्रतिष्ठानले यसवर्ष आफ्नो समुदायमा शिक्षाको विकासका लागि पुस्तकालय तथा दिदीबहिनी स्रोत तथा सिकाई केन्द्र स्थापना गर्न आफू बसेको जग्गा उपलब्ध गराउनु हुने मङ्गलमायालाई यो पुरस्कार प्रदान गरेको हो।



प्रतिष्ठानको चौथो वार्षिकीको अवसर पारेर २०६२ माघ १५ गते उहाँको सम्मानमा कार्यक्रमको आयोजना गरियो। प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम मानन्धरले मङ्गलमाया महर्जनलाई अभिनन्दन गर्नुका साथै कदरपत्र र नगद पुरस्कारसमेत प्रदान गर्नुभयो।

आफुले समुदायमा शिक्षाको विकासका लागि पुस्तकालयलाई आफ्नो जग्गा दिएर गरेको योगदानबाट उहाँ अत्यन्तै हर्षित तथा संतुष्ट देखिनुहुन्छ। आफ्नो यत्रो सम्मान भएकोमा आफुलाई साह्रै खुशी लागेको उहाँले बताउनुभयो।

दिदीबहिनी स्रोतको पहिचान तथा परिचालन गर्नसकेकोमा गौरवान्वित छ। यसबाट अन्य महिला मञ्चहरूलाई समेत प्रेरणा मिलेको छ। आफु महिला मञ्चमा आवद्ध नभए पनि यस्तो योगदान गरेर उहाँले महिलाहरूलाई ठूलो पाठ सिकाउनु भएको छ।

**सितु श्रेष्ठ**
दिदीबहिनी जिल्ला सहजकर्ता
ललितपुर

## For Every Woman

### प्रत्येक नारीका लागि

प्रत्येक नारीका लागि, जो आफूलाई सवल छ भन्ने थाहा हुँदाहुँदै
निरीह भएको अभिनय गरिरहँदा थाकेकी हुन्छे,
त्यहाँ एउटा पुरुष हुन्छ,जो आफू नाजुक छ भन्ने महशुस हुँदाहुँदै बलिष्ट भएको अभिनय
गरिरहँदा गलेको हुन्छ।

प्रत्येक नारीका लागि, जो आवाजविहीन भएको अभिनय गरिरहँदा थाकेकी हुन्छे,
त्यहाँ एउटा पुरुष हुन्छ, जो सबै जानेको भन्ने निरन्तर अपेक्षाले थिचिएको हुन्छ।

प्रत्येक नारीका लागि, जो आफूलाई संवेदनशील स्त्री भनी
राखिएकोमा वाक्क भएकी छे,
त्यहाँ एउटा पुरुष हुन्छ,जो दु:ख पोख्ने नम्र देखिने अधिकारबाट आफूलाई वञ्चित गराउँछ।

प्रत्येक नारीका लागि, जो आफ्ना सन्तानबाट बाँधिएकी हुन्छे
त्यहाँ एउटा पुरुष हुन्छ, जो पिता हुनुको पूर्ण सुखानुभूतिबाट वञ्चित छ।

प्रत्येक नारीका लागि, जो अर्थपूर्ण रोजगार र समान पारिश्रमिकबाट वञ्चित छे,
त्यहाँ एउटा पुरुष हुन्छ, जसले सारा परिवारका लागि सम्पूर्ण आर्थिक जिम्मेवारी बोकेको
भ्रममा बाँच्नुपर्छ।

प्रत्येक नारीका लागि, जसलाई स्वचालित वाहनको पुर्जाहरुका बारे सिकाइएको थिएन
त्यहाँ एउटा पुरुष हुन्छ, जो भान्से हुनुको र घरायसी व्यवस्थापन सन्तुष्टीबाट वञ्चित छ।

प्रत्येक नारीका लागि, जो आफ्नो स्वतन्त्रताका लागि एक कदम अगाडि बढ्दछे,
त्यहाँ एउटा पुरुष हुन्छ, जसलाई लाग्दछ स्वतन्त्रताको बाटो उसका लागि केही बढी
बनाइएको रहेछ।

लेखक :**नान्सी स्मिथ**
अनुवादक : **सलोनी सिंह**

## Raising Awareness on HIV/AIDs

### एच.आई.भी/एड्स सम्बन्धी जनचेतना

एचआइभी/एड्स यतिबेला विश्वमा चुनौतीका रुपमा देखापरेको छ। पूर्णरुपमा निर्मूल गर्ने यसको औषधि अहिलेसम्म पत्ता लाग्नसकेको छैन। यो सरुवा रोग हो। यो रोग सङ्क्रमित व्यक्तिसँग असुरक्षित यौनसम्बन्ध राखेमा, त्यस्तो व्यक्तिले प्रयोग गरेको सुई अर्काले प्रयोग गरेमा, रगतको माध्यमबाट र सङ्क्रमित आमाबाट गर्भमा रहेको शिशुलाई सर्ने गरेको पाइएको छ।

यू.एन.एड्स (UNAIDS) को सर्वेक्षण अनुसार सन् २००४ को अन्त्यसम्ममा करिब ४ करोड मानिस एच आई भी सङ्क्रमणमा परिसकेका छन्, जसमा ९५ प्रतिशत विकासोन्मुख मुलुकबाट छन्।

आज एचआइभी सङ्क्रमण अप्रत्यासित रुपमा बढिरहेको छ। यसको असरलाई हेर्दा १५-४९ वर्ष उमेर समूहका मानिस जोखिम समूहमा पर्छन्। एउटा सर्वेक्षण अनुसार विश्वमा दिनहुँ १२ हजार जना एचआइभीबाट सङ्क्रमित हुन्छन्। यसमा दक्षिण अफ्रिका अग्रपङ्तिमा रहेको छ। नेपालमा पनि ६५ हजार सङ्क्रमित रहेको एउटा सर्वेक्षणबाट देखिन्छ।

नेपालमा एचआइभी/एड्स (HIV/AIDS) को जिवाणु सर्वप्रथम सन १९८१ मा देखापरेको हो। हाल यो ज्यादै द्रुत गतिमा फैलिइरहेको छ। सुदूर पश्चिमाञ्चल विकास क्षेत्र यसबाट बढी प्रभावित छ। बढीमात्रामा यौनकर्मीहरु, रोजगारीका लागि घरबाट बाहिर गएका र उनीहरुका श्रीमतीहरु, लागू पदार्थ सेवन गर्नेहरु बढी यसको शिकार भएका पाइन्छन्।

एचआइभी/एड्स सङ्क्रमितहरुले समाजमा धेरै अपहेलना सहनु पर्ने हुन्छ। परिवारतथा साथीभाइबाट समेत उनीहरुले अपहेलना तथा घृणा सहनु पर्छ। उनीहरु विभिन्न लाञ्छना र भेदभावका कारण समाजमा खुलेर बाहिर आउन सकिरहेका छैनन्। समाजमा अरुसरह घुलमिल हुन मौका दिने, माया गर्ने, सद्भाव राख्ने गरेमा उनीहरुमा भएको नकारात्मक भावना तथा हिनताबोध हटाउन सजिलो हुन्छ।

नेपालमा एड्स पिडितहरुलाई राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र लगायत अन्यकेही संघ संस्थाहरुले एन्टिरेट्रोभाइरल उपलब्ध गराउँदै आएका छन्। यो औषधिले रोगीको आयु लम्ब्याउन मद्दत गर्दछ। तर यो औषधि आवश्यकताभन्दा धेरै कम सङ्क्रमित व्यक्तिलाई मात्र दिन सकिएको देखिन्छ। अधिकांश त्यस्तो सुविधाबाट वञ्चित छन्। ज्यादै महँगो भएको कारणले यस्तो भएको हुनसक्छ। तर बिरामीको स्थिति जटिल भएमा सम्बन्धित संस्थाहरुमा सम्पर्क राखेमा एन्टिरेट्रोभाइरल तुरुन्त समेत उपलब्ध गराउन सक्छन्।

विभिन्न सरकारी तथा निजी अस्पताल,स्वस्थ्य चौकी आदिमा यस सम्बन्धी जानकारी पाउन सकिन्छ। एचआइभी/एड्सको अहिलेको चुनौती सामना गर्न व्यापकरुपमा अभियान चलाउनु जरुरी छ। यो रोग के हो, यसबाट कसरी बच्न सकिन्छ भन्ने कुराहरुलाई गाउँगाउँमा प्रचारप्रसार गरिनु आवश्यक छ। सरकारी, गैरसरकारी संस्था, अन्य सङ्घसंस्थाका साथै नागरिक सबैको सहभागितामा मात्र एचआइभी/एड्स नियन्त्रण गर्न सम्भव छ।

**सुलभ गिरी**
दिदीबहिनी यूथ फोरम

## Kathmandu: Local Government Supports DB Women Forum

### दिदीबहिनी महिलामञ्चलाइ काठमाडौं जिविसद्वारा सहयोग

क्षमता अभिबृद्धि तथा व्यक्तित्व विकाससम्बन्धी तालिमपछि महिला मञ्चहरु विभिन्न तहका सरकारी निकायसमक्ष संवाद गरी समन्वय स्थापना गर्न सफल भएका छन् । उनीहरु समाजमा विभिन्न विषयमा पैरवी, परामर्श एवं नेतृत्व विकासका काममा अग्रसर पाइन्छन् । स्थानीयस्तरमा रहेका स्रोत तथा साधनहरुको समुचित प्रयोग गरेर आफ्नो समुदायको विकासमा सफल भएका छन्- महिला मञ्चहरु । समुदायका लागि गाविस, जिविस तथा अन्य सङ्घसंस्थामार्फत विकासका कार्यक्रम गरिरहेका छन् ।

लैङ्गिक समानतामूलक समाजको विकास एवं सुशासन स्थापना गर्ने काममा काठमाडौं जिल्लाका महिलामञ्चहरुले विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाबीच कार्यजालो स्थापना गर्न सफल भएका छन् । उनीहरुले स्थानीय निकायमा लैङ्गिक समानता भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै समाजका प्रत्येक तहसम्म आफ्नो पहुँच बढाउने कुरालाई विभिन्न गतिविधिमार्फत निरन्तरता दिँदै आएका छन् । समाजको सन्तुलित विकास हुनको लागि महिलाको राजनैतिक, सामाजिक साथै आर्थिक सशक्तिकरण हुनु आवश्यक छ । सम्पूर्ण कार्यमा महिलाहरुको समान सहभागिता र योगदान नभई सुशासनको स्थापना अठ्यारो हुन्छ ।

यसै संदर्भमा काठमाडौं महिलामञ्चहरु द्वारा उद्यमशिलता तालिम पश्चात जिल्ला विकास समिति (जिविस) मा एक व्यवसायिक परियोजना पेश गरिएको थियो । त्यसलाई कार्यान्वयन गर्न दिदीबहिनीको निगरानीमा प्रत्येकमहिलामञ्चहरुलाई जिविसले रु ३०,००० उपलब्ध गराएको छ । काठमाडौं जिविसको यस कार्यले महिलामञ्चहरुको हौसला तथा आत्मविश्वास बढेको कुरा महिलामञ्चहरु बताउँछन् ।

यस्तै अन्य स्थानीय स्तरका संघसंस्थाले पनि महिलामञ्चहरुलाई विभिन्न माध्यमबाट सहयोग गरी एउटा विकासरुपी सिंढी थप्ने काम गरेका छन् जसको लागि सबै पक्षहरुलाई धन्यवाद नदिइरहन सकिदैन ।

**बबिता अधिकारी**,
दिदीबहिनी जिल्ला सहजकर्ता, काठमाडौं

## Gist of Activities

- People-Based Development Training accomplished in 12 VDCs of four districts.
- Sharing and interaction on "Women's rights to information through District Resource and Learning Center" accomplished.
- Training on Performance Management for DB staff completed.
- Strategic Planning workshop for DB board members and staffs accomplished.
- DB youth members participated in the International Conference on Peace and Justice held in Mumbai India.
- DB youth Forum member participated in the International Youth Volunteerism Summit 2006 held in Chicago.
- Organised and participated in a Peace Rally and Women's Day Rally
- Youth Forum organised a "Paint for Peace" program in DB central office.

## Youth Forum

### न्याय र शान्तिका लागि अन्तर्राष्ट्रिय सम्मेलनमा युवा सहभागिता

### Youth at International onPeace and Justice Conference

DidiBahini Youth Forum members participated in the *International Conference on Peace and Justice in South Asia* from 24 - 26 February in Mumbai, India. *Peace Mumbai,* a peace network of organisations initiated this conference in which about 300 people from different countries- Nepal, India, Sri-Lanka, Pakistan, Germany, USA, Iran, Austria, Belgium participated.

Sulav, Sita, Rajendra and Nabina - Youth Forum members of DidiBahini- represented DidiBahini at this conference. Main issues discussed during the conference were trade and peace. Speakers from South Asia gave their views on development, globalisation and elaborated on the situation and consequence of conflict in their countries.

The plenary session and workshops covered many aspects, for example - *Globalisation and War from Global Perspective; The struggle for peace, South Asia Peace Treaties, Migration and Displacement, Water Sharing and National Conflicts* etc.

During the conference the delegates shared their experiences with each other and held discussion on combining their effort for the peace movement in the future. Youth Participants said that they had learned a great deal about different perspective; global issues, international and national concerns in South Asia and on-going movements.

This conference was crucial because it will help to re-vitalize the South Asian People's





Alliance against militarization, nuclear arms, communalism, terrorism and other conflicts in South Asia and it also gave the opportunity to discuss and concretize action strategies.

**Nabina, Rajendra, Sita and Sulav**,
DB Youth Forum

### अन्तर्राष्ट्रिय स्वयंसेवक सम्मेलनमा युवाको सहभागिता

### International Youth Volunteerism Summit 2006



An International Youth Volunteerism Summit (IYVS) was held in Chicago, USA. The event was organized by the Center for International and Comparative Studies, IYVS team and took place at the North Western University. The four-day Summit began on 23 February 2006. More than 500 applicants from more than 100 countries express their interest to join the IYVS. However, only 65 delegates from the USA and 9 from elsewhere in the world were selected.

summit consisted different workshops and keynote presentations. It dealt on the issues like grassroots development; legal organization; team management; fund raising etc which gave an additional knowledge on development issues of developing countries. The summit also focused on empowerment of young people by giving knowledge, skills and opportunities. The international delegates were from Nepal, Morocco, Kenya, Nigeria, Kyrgyzstan, Singapore, Ukraine, Yemen and Pakistan, one delegate representing each country. I represented Nepal as one of the team leaders of DidiBahini Youth Forum.

**Suran Maharjan**,
DB Youth Forum member

## Resource Centers, Parsa

## जिल्ला स्रोत तथा सिकाई केन्द्र, पर्सा जिल्ला





पर्सा जिल्लाका अधिकांश ग्रामिण क्षेत्रका महिलाको अवस्थामा यतिबेला केही परिवर्तन आउनथालेको छ । चुलो, चौको र घरभित्रकै कामसकेर उनीहरूको समाजमा रहेका अन्याय एवं कुरीतिका विरोधमा काम गर्न अग्रसर भएका छन् ।

एक्काइसौं शताब्दीमा पनि महिलाले घरबाट बाहिर निस्कन नहुने, अर्को लोग्ने मानिसको अनुहार हेर्न नहुने जस्ता महिलाका गतिशिलतामा रोक लगाइएका कुरीतिलाई चिर्दै यहाँका महिलाले अहिले आफ्ना अधिकार र गाँउको विकासका लागि आवाज उठाउन थालेका छन् । घरबाट निस्कन श्रीमान, बाबु वा दाजुभाईको सहारा चाहिने यी महिला आज निर्धक्कसँग **जिल्ला स्रोत तथा सिकाई केन्द्र**मा आएर आफ्ना कुरा राख्न थालेका छन् ।

बहुअर्वाभाटा- ३ मा रहेको पर्सा जिल्ला स्रोत तथा सिकाई केन्द्र महिलाहरूका लागि सिक्ने र सिकाउने थलोको रूपमा चिनिएको छ । आठ वटा दिदीबहिनी महिलामञ्चका सदस्यले पालैपालो नियमितरूपमा यो केन्द्र सञ्चालन गर्दैआएका छन् । यसका लागि दिदीबहिनी स्रोत तथा सिकाई केन्द्र सञ्चालन समिति समेत गठन भएको छ ।

**स्रोत केन्द्रमार्फत भइरहेका काम :-**

- ☐ महिलाले पनि पुरुषले जसरी नै नागरिकताको प्रमाणपत्र लिनुपर्छ भन्ने बुझेर मञ्चका ९५ प्रतिशत महिला मञ्च सदस्यले नागरिकता लिइसकेका र गाउँका अन्य महिलालाई पनि त्यस्तो प्रमाणपत्र लिन प्रेरित गरिरहेका छन् ।
- ☐ छोराछोरीको जन्मदर्ता अनिवार्य रहेछ भन्ने बुझेर जन्मदर्ता गर्न सुरु गरेका छन् ।
- ☐ छोराछोरीलाई विद्यालय भर्ना गर्न आफैं लागेका छन् । यसको परिणामस्वरूप गतबर्ष झौवागुठी, बहुअर्वा, विन्दवासिनी, बैरियाबिर्तामा गरी ३०६ जना बालबालिकालाई विद्यालय भर्ना गरिए ।
- ☐ पर्सा जिल्लामा रहेका सबै आठवटै मञ्चका अध्यक्ष र सचिवले जिविसमा स्थानीय विकास अधिकारी र सभापतिलाई भेटेर स्रोत केन्द्र र मञ्चका लागि आर्थिक सहयोग जुटाए ।
- ☐ महिलाहरूलाई आत्मनिर्भर पार्न मासिक बचत सङ्कलन गरी आय-आर्जन हुने काममा लगाउने सोच उनीहरूमा पाइएको छ ।
- ☐ गाँउमा समस्याको रूपमा रहेको आर्केष्ट्रा (कलकत्ताबाट केटीहरू ल्याई ८/१० महिना गाउँमा राखेर नाच गराइन्थ्यो । त्यसबाट उनीहरूले घर जाँदा ४०/५० हजारसम्म लग्ने गर्थे, जसबाट गाँउको वातावरण बिग्रनुका साथै पैसा भारतमा गइरहेको थियो ।) लाई गाउँबाट हटाएका छन् ।
- ☐ महिलाहरूले बालबिबाहको बिरोधमा आवाज उठाएका छन् । यसै सिलसिलामा विन्दवासिनी-९ का महन्थ राम (नाम परिवर्तन) की १२ बर्षे छोरीको भारतीय केटासँग बिबाह गरिदिन लाग्दा मञ्चका महिलाले रोकेका छन् ।
- ☐ महिलामाथि हुने घरेलु हिंसाका विषयमा आवाज उठाएका छन् । विन्दवासिनी- ७ मा घरबाट निकालिएकी एउटी महिलालाई त्यही घरमा भित्र्याउन सफल भएका छन् ।
- ☐ प्रजनन् स्वास्थ्यका विषयमा जानकारी पाएपछि सानोतिनो समस्या आइपरे पनि तुरुन्त स्वास्थ्य केन्द्र वा मेरी स्टोप्स् जानथालेका छन् ।
- ☐ धेरै सन्तान जन्मायो भने आफ्नो स्वास्थ्य ठीक रहँदैन भन्ने कुरा बुझेर स्थायी परिवार नियोजन गर्न उत्साहित देखिन्छन् ।

दिदीबहिनी संस्थाले उनीहरूलाई संलग्न गराएर विगत ५ वर्षदेखि सञ्चालन गरेका तालिम, गोष्ठी एवं भ्रमण जस्ता कार्यक्रमबाट उनीहरूमा यस्तो परिवर्तन आएको हो ।

**राजेन्द्र न्यौपाने**
दिदीबहिनी जिल्ला सहजकर्ता,पर्सा

### Glimpse of activities

- People-Based Development Training in all DB working VDCs. (continued)
- Training on Local Resource Mobilisation for VDC WFs.
- WFs of Kathmandu will be initiating different income generating programs from the resources provided by the Kathmandu DDC.
- Youth Forum is organising another painting program "Paint for Peace"
- Interaction on different relevent issues in District Reource and Learning Centers(DRLCs).

Stamp here